**नेपाल राष्ट्र बैंक,**

**सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा**

**मितिः २०६९/११/०५**

**पत्रः द्वितीय** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा**

**विषय : सामान्य ज्ञान, निबन्ध र गणित**

*परिक्षार्थीले उत्तर दिँदा निबन्धको लागि नेपाली भाषा र बाँकीको लागि नेपाली वा अङ्ग्रेजीभाषाको माध्यमबाट दिन सक्नेछन् ।*

## खण्ड (क) सामान्य ज्ञान

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. गोरखापत्र प्रकाशनको प्रारम्भ कुन प्रधानमन्त्रीको पालनामा कुन सालमा भएको हो ?

२. राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या कति र यसको वृद्धिदर कति प्रशित रहेको छ ?

३. महाकाली नदी पारि रहेको नेपालका गा.वि.स. हरुको नाम के हो र उक्त गा.वि.स. हरु कुन जिल्लामा पर्दछ ?

४. निम्न तालहरु कुन कुन जिल्लामा पर्दछ ?
क. खप्तड ताल ख. कसरा ताल ग. नन्द भाउजु ताल

५. नेपालको पहिलो समय निर्धारण गर्दा कुन हिमाललाई आधार मानिएको हो ? ग्रिनविच समय भन्दा ५ घण्टा ४५ मिनेट छिटो नेपालको प्रमाणिक समय रहने व्यवस्था कहिलेबाट शुरु भएको हो ?

६. नेपालको पहिलो वाणिज्य बैंकको नाम के हो र यसको स्थापना विक्रम सम्वत कति सालमा भएको थियो ? उक्त समयमा प्रधानमन्त्री को थिए ?

७. आउँदो ग्रीष्मकालीन ओलम्पिक खेल कुन मुलुकको कुन शहरमा र कहिले आयोजना हुँदैछ ?

८. सुगौली सन्धी कहिले भएको थियो र नेपालको तर्फबाट यसमा कसले हस्ताक्षर गरेका थिए ?

९. संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा कहिले गरेको थियो र यस घोषणा पत्रमा कतिवटा धाराहरु छन् ?

१०. निम्न मुलुकहरुको मुद्राको नाम लेख्नुहोस् ।
क. अष्ट्रिया ख. इजरायल ग. भूटान

११. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको अध्यक्ष को हुने व्यवस्था रहेको छ र उक्त समिति अध्यक्ष र सदस्यहरु गरी जम्मा कतिजना रहने प्रावधान रहेको छ ?

१२. चीन र भारत दुवै मुलुकलाई छुने नेपालका जिल्लाहरु कति छन् ? ती जिल्लाहरुको नाम उल्लेख गर्नुहोस् ।

१३. निम्न पुरस्कारको प्रथम विजेताको नाम उल्लेख गर्नुहोस् ।
क. मदन पुरस्कार ख. साझा पुरस्कार ग. जगदम्बा पुरस्कार

१४. नेपालको वित्तिय नीति र मौद्रिक नीति कुन कुन निकायबाट तयार पारिन्छ ?

१५. न्याय परिषद्मा अध्यक्ष बाहेक कति सदस्य रहने व्यवस्था छ ? न्याय परिषद्को अध्यक्ष को हुन् ?

१६. नेपालको सिक्का छाप्ने छाप्ने टक्सार अड्डाको स्थापना कहिले भएको हो र नेपालमा सर्वप्रथम कागजी नोटको निष्काशन कुन सालदेखि भएको हो ?

१७. सप्तकोशीका सहायक नदीहरुमध्ये सबभन्दा ठुलो र सबभन्दा सानो नदीको नाम लेख्नुहोस् ।

१८. सूचना प्रविधीको क्षेत्रमा प्रयोग हुने UPS र ADSL को विस्तारित रुप के हो ?

१९. नेपाली खेलाडीहरु जमुना गुरुङ्ग र पारस खड्का कुन कुन खेलसँग सम्बन्धित छन् ?

२०. नेपालको पहिलो जलविद्युत आयोजनको नाम, उत्पादन क्षमता र सञ्चालन भएको वर्ष उल्लेख गर्नुहोस् ।

## खण्ड (ख) निबन्ध

**तल दिइएका मध्ये कुनै दुई विषयमा निबन्ध लेख्नुहोस् ।**

१. नेपालको आर्थिक विकासमा नेपाल राष्ट्र बैंकको भूमिका

२. महिला सशक्तिकरण

३. नेपालमा सूचनाप्रविधिको विकास र चुनौती ।

## खण्ड (ग) गणित

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. विद्यार्थी बस्ने एउटा होस्टलमा १५० जना विद्यार्थीहरुको लागि ४५ दिनलाई पुग्ने खाद्यान्न रहेको थियो ।१० दिनपछि २५ जना विद्यार्थीहरुको होस्टल छाडे भने बाँकी खाद्यान्नले कति दिनलाई बाँकी विद्यार्थीहरुलाई खुवाउन पुग्दछ ?

CS CamScanner

२. एउटा विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने ८ जनाको उमेर १३ वर्ष, ९ जनाको उमेर १४ वर्ष, ३ जनाको उमेर १६ वर्ष र ... जनाको १८ वर्ष रहेछ भने उक्त कक्षामा विद्यार्थीको औषत उमेर कति रहेछ ?

३. कुनै रकमको ३:४ जनाको भाग बराबर रु. १३५० हुन्छ भने सो कुल रकमबाट १:३ भाग घटाउदा कति रकम बाँकी रहन्छ ?

४. रघुनाथले किराना पसल सञ्चालन गर्न वित्तिय संस्थाबाट वार्षिक १२ प्रतिशतका दरले रु. ३,४५,८०० ऋण लिएछन् । उन... प्रत्येक त्रैमासिक ब्याज बापत के कति रकम भुक्तानी गर्नु पर्दछ ?

५. कुखुराको दाना बनाउन कारखाले रु २१ प्रति के.जि. पर्ने गहुँ र रु. ३० प्रति के.जि. पर्ने मकैलाई ४:५ को अनुपात मिसा... दाना तयार गरेछ भने उक्त दानाको प्रति के.जि. लागत कति पर्छ ?

६. गत महिनामा रामलखनको घरमा २२५ युनिट विद्युत खपत भएछ । पहिलो २० युनिट शुल्क रु. ६० र त्यसपछिको खप... युनिटको शुल्क रु. ५/५० रहेछ भने रामलखनले उक्त महिनामा कति रकम बुझाउनु पर्ला ?

७. एकजना व्यापारीको प्रतिलिटर रु ३० को दरले किनेको ४० लिटर दुधमध्ये ८ लिटर चुहिएछ र बाँकी दुध प्रतिलिटर रु ३२ को दरले बिक्री भएछ भने उक्त कारोबारबाट उक्त व्यापारीलाई कति प्रतिशत नाफा वा नोक्सान भयो ?

८. सरल गर्नुहोस् ।

२४.२६७ + २८.३४५ × ७६.०१ ÷ ४५.४ × ३.२ ÷ ४.६ + २.०५

नेपाल राष्ट्र बैंक,

सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०६९/११/०५

पत्रः द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग तथा लेखा

*कुनै आठ प्रश्नको उत्तर दिनुहोस् । सबै प्रश्न समान अङ्कका छन् । परीक्षार्थीले नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक वा दुवै भाषामा उत्तर दिन सक्नेछन् ।*

१. नेपाल राष्ट्र बैंकको सञ्चालन समितिको गठन प्रक्रिया र सञ्चालन समितिको काम, कर्तव्य र अधिकार बारे उल्लेख गर्नुहोस् ।

२. "क" वर्गका वित्तिय संस्था भन्नाले के बुझ्नुहुन्छ ? यस्ता संस्थाले गर्ने कार्यहरुको बुँदागत रुपमा व्याख्या गर्नुहोस् ।

३. लेखा परीक्षण र आन्तरीक लेखा परिक्षणमा के के फरक छ ? कुनै पनि संस्थामा यिनीहरुको आवश्यकता बारे व्याख्या गर्नुहोस् ।

४. वित्तिय अनुपात भन्नाले के बुझ्नुहुन्छ ? Current Ratio, Debt Equity Ratio र Credit Deposit Ratio को महत्वबारे लेख्नुहोस् ।

५. गरिबी निवारणमा लघुवित्त संस्थाहरुको भूमिकाका बारेमा वर्णन गर्नुहोस् ।

६. मनिट्रान्सफर व्यवसाय भनेको के हो ? मनिट्रान्सफर र मनिचेञ्जर व्यवसाय सञ्चालनमा भएका भिन्नताका सम्बन्धमा प्रकाश पार्नुहोस् ।

७. सन्तुलन परीक्षण (Trail Balance) भन्नाले के बुझ्नुहुन्छ ? यसको उद्देश्य र महत्वमाथि प्रकाश पार्नुहोस् ।

८. तथ्याङ्क संकलनका स्रोतहरु व्याख्या गर्दै यसको सीमाहरुको बारेमा चर्चा गर्नुहोस् ।

९. वासलात भनेको के हो ? वासलातको एउटा नमूना बनाई त्यसमा समावेश गरिने प्रमुख बुँदाहरु उल्लेख गर्नुहोस् ।

१०. तल दिइएका विषयहरुमध्ये कुनै दुईको संक्षेपमा वर्णन गर्नुहोस् ।

क) मुद्रा बजार र पूँजी बजारको भिन्नता

ख) ट्रेजरी विल

ग) प्रतित-पत्र

CamScanner